आज मिति २०७९ साल फागुन २० गतेका दिन बिहान ८ बजे यस कटारी नगरपालिकाका नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा तपशिलको कार्यपालिका सदस्यहरुको उपस्थितिमा विविध विषयमा छलफल गर्नका लागि नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थितिः

| क्र.सं. | पदाधिकारी तथा कर्मचारीहरुको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | राजेशचन्द्र श्रेष्ठ | नगर प्रमुख | |
| २ | गिता खड्का | नगर उप प्रमुख | |
| ३ | पदम लाल मगर | १ नं. वडाध्यक्ष | |
| ४ | प्रेम बहादुर क्षेत्री | २ नं. वडाध्यक्ष | |
| ५ | पुष्कर खड्का | ३ नं. वडाध्यक्ष | |
| ६ | भुपेन्द्र सिंह तामाङ्ग | ४ नं. वडाध्यक्ष | |
| ७ | मोहन बहादुर तामाङ्ग | ५ नं. वडाध्यक्ष | |
| ८ | प्रेम बहादुर मगर | ६ नं. वडाध्यक्ष | |
| ९ | सुविन ढुङ्गाना | ७ नं. वडाध्यक्ष | |
| १० | नविन्द्र कुमार तामाङ्ग | ८ नं. वडाध्यक्ष | |
| ११ | बेग बहादुर आले मगर | ९ नं. वडाध्यक्ष | |
| १२ | क्षेत्र बहादुर खड्का | १० नं. वडाध्यक्ष | |
| १३ | अनन्त हायु | ११ नं. वडाध्यक्ष | |
| १४ | यम्बर बहादुर कटुवाल | १२ नं. वडाध्यक्ष | |
| १५ | शम्भु श्रेष्ठ | १३ नं. वडाध्यक्ष | |
| १६ | अम्बर बहादुर मगर | १४ नं. वडाध्यक्ष | |
| १७ | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८ | भगवती अधिकारी | कार्यपालिका सदस्य | |
| १९ | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २० | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१ | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२ | हेम कुमारी वि.क. | कार्यपालिका सदस्य | |
| २३ | मन्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४ | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५ | अनिल किराती | प्रमुख प्रशासकीय अधिकृत | |
| २६ | टामन सिग्देल | अधिकृत छैटौं | |
| २७ | रोशन कार्की | सूचना प्रविधि अधिकृत | |
| २८ | डोरनिधि सुबेदी | स. ले. प. | |

**एजेन्डाहरु**

१. पुरानो भुक्तानी सम्बन्धमा

२. मेलमिलाप कर्ताको तालिम र बजेट सम्बन्धमा

३. झोलुंगे पुलको विवरण सम्बन्धमा

४. आवधिक योजना तर्जुमा सम्बन्धमा

५. स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धमा

६. FRA सम्बन्धमा

७. विविध

**निर्णयहरु**

१. आ.व. २०७८/७९ मा कार्यान्वयन भई विभिन्न कारणले भुक्तानी छुटेका आयोजनाहरूको भुक्तानी गर्न मिति २०७९/०४/१५ गते बसेको कार्यापालिका वैठकको निर्णयबाट नगर उपप्रमुखको संयोजकत्वमा गठित अनुगमन कार्यादलले विभिन्न मितिमा स्थलगत रुपमा अनुगमन गरी तयार गरिएको अनुगमन प्रतिवेदनको आधारमा तपशिल बमोजिमका आयोजनाहरुलाई पूरानो भूक्तानी शिर्षकमा विनियोजित बजेटबाट भूक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आयोजनाको नाम, वडा र स्थान | कार्यान्वयनको प्रकृया/ सम्झौता भएको मिति | अनुदानको स्रोत | न.पा. बाट विनियोजित रकम | पेश्की/ रनिङ्ग विलको अवस्था | भौतिक प्रगतिको स्थलगत अवस्था | प्राविधिक मूल्यांकन अनुसार खुद भुक्तानी दिनु पर्ने रकम रु. | अनुगमन गरेको मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | भिमसेन मन्दिर निर्माण कार्य वडा नं. १० | उ.स./ २०७८।०६।१७ | नगर स्तरीय | ३,००,००। | नलिएको | स्थलगत रुपमा अनुगमन गर्दा मन्दिर निर्माणको काम, रंगरोघन, मूर्ती स्थापना, सोलार, गजुर निर्माणको कार्य भएको पाइयो । | २,८५,०००। | २०७९।०६।०२ |
| २ | ककनी लेउरी भञ्याङ्ग गिजिनचौर मोटर बाटो निर्माण वडा नं.१० | उ.स. / २०७८/१०/२० | नगर स्तरीय | ५,००,०००। | नलिएको | स्थलगत रुपमा अनुगमन गर्दा कटारी १० स्थित ककनी देखि लेउरी भञ्याङ्ग हुँदै गिजिनचौर जाने बाटो ट्रयाक खोल्ने काम भएको पाइयो । | ४,७३,९१५। | २०७९।०६।०२ |

प्रमुख प्रशासकीय अधिकृत

२. कटारी नगरपालिकाको सबै वडामा सूचीकृत मेलमिलापकर्ताहरुलाई मेलमिलाप तथा न्यायिक कार्यसम्पादन सम्बन्धी आधारभुत तालिम सञ्चालन गर्नुपर्ने भएकोले देहाय बमोजिमको निर्णय गरियो -

- आवश्यक बजेटको लागि न्यायिक समिति शीर्षकको रु पाँच लाख, नगस्तरीय कार्यक्रमबाट दुई लाख नब्बे हजार र नगर कार्यक्रमबाट तीन लाख व्यवस्था गर्ने
- हरेक वडाबाट ३/३ जना मेलमिलापकर्ता सहभागी गराउने
- मिति २०७९।१२।१७ गते देखि पोखरामा ७ दिनको आवासीय तालिम संचालन गर्ने
- यसको व्यवस्थापकीय जिम्मेवारी न्यायिक सहजकर्ताले गर्ने

३. स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, इटहरी, कोशी प्रदेशको च. नं. १४८ को पत्रानुसार झोलुंगे पुल मागको विवरण माग भई आएकोमा यस कटारी नगरपालिका अन्तर्गत वाडाहरुबाट संकलन गरिएको एकमुस्ट विवरण स्थानीय पूर्वाधार विकास आयोजना कार्यालय, इटहरीमा मिति २०७९/११/१७ गते पठाईएको विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

४. प्रदेश अनुसन्धान तथा प्रशिक्षण, कोशी प्रदेश, कलवलगुरी, झापाको च. नं. ११४, मिति २०७९/११/१५ को पत्रानुसार यस कटारी नगरपालिकाको लागि आवधिक योजना निर्माण गर्न नियमअनुसार परामर्शदाता छनौट गरि कार्य आगाडी बढाउने निर्णय गरियो । र आवधिक योजना तर्जुमा प्रक्रियालाई व्यवस्थित र समग्र मार्गदर्शन गर्न देहाय बमोजिमको स्थानीय निर्देशक समिति गठन गर्ने निर्णय गरियो।

| | |
|---|---|
| नगर प्रमुख | - संयोजक |
| उपप्रमुख | - उप संयोजक |
| विषयगत समितिका संयोजकहरु | - सदस्य |
| कार्यपालिका सदस्यहरु | - सदस्य |
| शाखा प्रमुखहरु | - सदस्य |
| संयोजकले तोकेको कम्तीमा १ जना महिला सहित नीजि क्षेत्र तथा गैसस, स्थानीय विज्ञ ३ जना | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |

५. नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माणको लागि नगर शिक्षा समितिले गरेको निर्णयबमोजिम सो कामको लागि नियमअनुसार परामर्शदाता छनौट गरि कार्य आगाडी

प्रमुख प्रशासकीय अधिकृत

बढाउने निर्णय गरियो । र यस कार्यलाई व्यवस्थित र समग्र मार्गदर्शन गर्न देहाय बमोजिमको स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्ने निर्णय गरियो।

नगर प्रमुख - संयोजक

उपप्रमुख - उप संयोजक

प्रमुख प्रशासकीय अधिकृत - सदस्य

सामाजिक विकास समिति संयोजक - सदस्य

स्रोत व्यक्ति - सदस्य

शिक्षा शाखा प्रमुख - सदस्य सचिव

६. आ.व. २०७८/७९ को लागि यस कटारी नगरपालिकाको स्थानीय तह वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FIDUCIARY RISK ASSESSMENT) मा तपसिल बमोजिमको मूल्यांकन नतिजाको अन्तिम प्रतिवेदन रहेको र सोही वमोजिम कटारी नगरपालिकाको website र सूचना पाटी मार्फत सार्वजनिक गर्ने र सम्बन्धित निकायमा पठाउने निर्णय गरियो ।

**तपसिल:**

| सि. नं. | क्षेत्र | स्कोर प्रतिशत | कैफियत |
|---|---|---|---|
| १. | योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन | ५०% | |
| २. | कार्यान्वयन क्षमता तथा व्यवस्थापन | ६५.५२% | |
| ३. | लेखाङ्कन तथा प्रतिवेदन | ७०.५९% | |
| ४. | अनुगमन, मुल्यांकन तथा लेखापरीक्षण | २५% | |
| ५. | राजस्व व्यवस्थापन | ५२.९४% | |
| कुल | | ५४.५% | |

७. विविध

क) चालु आ. व. २०७९/८० मा नगरपालिकाबाट स्वीकृत कार्यक्रम अनुसार सि. नं. ४३ मा सरसफाई, फोहोरमैला तथा नाला सरसफाई शिर्षकमा रु. ३०,००,००० बिनियोजन भएको र उल्लेखित रकमबाट कटारी नगरपालिका वडा नं. ३ मा सडक

प्रमुख प्रशासकीय अधिकृत

ढल नाला सरसफाई गर्ने गराउने कार्यको लागि प्राविधिक स्टिमेट बमोजिम कुल लागत रु. ५,९२,९७१.९२ खर्च लेख्ने निर्णय गरियो ।

ख) कोष तथा लेखा नियन्त्रण कार्यालयको च. नं. १०४, मिति २०७९/११/१० को पत्रानुसार सो कार्यालयमा सो कार्यालयको सवारी खर्च मर्मतको लागि यस कार्यालयलाई माग गरेको रकम रु. १,२१,६४४ सवारी मर्मत शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो।

ग) मिति २०७९/१०/०६ मा कटारी नगरपालिकाको MACHHAPUCHRE HOLIDAY IN LE ले कार्यालय प्रयोजन र अतिथि सत्कारको लागि यस नगरपालिकाको नाममा रु. ६३,८५६.३० भुक्तानीको लागि निवेदन सहित माग गरेको हुदा नेपाल सरकारको मापदण्ड बमोजिम रु. ४७३२४ विविध शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

घ) कटारी नगरपालिका जेष्ठ नागरिक संघ, कटारीको च नं. ८, मिति २०७९/१०/२३ को पत्रानुसार सो कार्यालयलाई आवश्यक पर्ने सामाग्रीहरु कार्पेट, कुर्सी १५ थान, टेबल १ थान र सिलिङ फयान १ थान फर्निचर तथा फिक्चर्स शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

ङ) मिति २०७९/११/०५ गते पेश भएको टिप्पणी र आदेशसाथ सलग्न स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धी परामर्शदाता सेवा खरिद गर्न तयार गरिएको कार्यक्षेत्रगत शर्त(ToR) स्वीकृत गर्ने निर्णय गरियो ।

च) आगामी कार्यपालिका बैठक चैत्र १०, २०७९ बिहान ८ बजे कटारी नगरपालिकाको सभा हलमा बस्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत